# पूर्वीचौकी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

सानागाउँ, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या : २०८१।०८२ चलानी नं. : ४६१

मितिः २०८१।०५।१६

श्री वडा कार्यालयहरु (१ देखि ७),

श्री स्वास्थ्य शाखा,

श्री स्वास्थ्य चौकी (सबै),

श्री सामुदायिक स्वास्थ्य इकाई (सबै),

विषयः विदा स्वीकृति सम्बन्धमा।

प्रस्तुत विषय सम्बन्धमा यस पूर्वीचौकी गाउँपलिकामा रहेका सम्पूर्ण वडा कार्यालयहरुमा कार्यरत कर्मचारीहरु र स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाईमा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीहरुले विदा लिनु परेमा ३ दिन सम्मको विदा वडाको हकमा वडा कार्यालयबाट र स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाईको हकमा स्वास्थ्य शाखाबाट विदा स्वीकृत गराउनु हुन अनुराध गरिन्छ। साथै ३ दिनभन्दा बढी विदा लिनुपरेमा अनिवार्य रूपमा गाउँपालिकाको कार्यालयबाट विदा स्वीकृत गराउनु हुन तथा ३ दिनभन्दा कम विदा लिँदा समेत विधुतिय माध्यमबाट आधिकारिक रुपमा चलाउँदै आइरहेको ह्वाट्सएप|मेसेन्जर समूहमार्फत गाउँपालिकाको कार्यालयलाई जानकारी गराउनुहुन अनुरोध गरिन्छ। विदा स्वीकृत नगराई विदामा बस्ने कर्मचारीहरुलाई कानून बमोजिम कारवाही गरिनेछ।

२०८१।०५।१६

.............................

विक्रम श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

विक्रम श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

Website: www.purbichaukimun.gov.np , E-mail Address :ito.purbichaukimun@gmail.com
Phone No. :९८५१३३८१११,९८५८४८३३४४

# पूर्वीचौकी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

सानागाउँ, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल


पत्र संख्या : २०८१।०८२ चलानी नं. : 460

मितिः २०८१।०५।१६

श्री सामुदायिक विद्यालयहरु (सबै),

विषयः विदा स्वीकृत तथा जानकारी गराउने सम्बन्धमा।

प्रस्तुत विषय सम्बन्धमा यस पूर्वीचौकी गाउँपलिकामा रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको विदा प्रधानाध्यापकले तथा प्रधानाध्यापकको तीन दिनभन्दा बढी विदा विद्यालय व्यवस्थापन समितिको अध्यक्षले स्वीकृत गर्ने कानूनी व्यवस्था शिक्षा नियमावली, २०५९ को नियम १०७मा उल्लेख गरिएको अवगत गराउँदछौं। नेपालको संविधान २०७२ को अनुसूची ८ को (८) मा स्थानीय तहको एकल अधिकारसूचीमा आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएकोले सो अनुसार नियमन गर्ने अधिकार स्थानीय तहमा रहेको जानकारी गराउँदछौं। यसै सन्दर्भमा यस पूर्वीचौकी गाउँपलिका अन्तर्गत रहेका केहि सामुदायिक विद्यालयहरुमा केही शिक्षकहरुले विद्यालयलाई जानकारी नै नदिई अनुपस्थित हुने, प्रधानाध्यापकको स्वीकृति विना नै विदामा बस्ने प्रवृत्ति रहेको भनी अभिभावक वर्ग तथा जनस्तरबाट गाउँपालिकामा गुनासो गरेका कारण अब उपरान्त अनिवार्य रुपमा विद्यालयका शिक्षक तथा कर्मचारीले प्रधानाध्यापकबाट विदा स्वीकृत गराई विदा बस्नु पर्ने साथै तीन दिनभन्दा बढी विदा बसेमा अनिवार्य रुपमा गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई बोधार्थ गरी भौतिक माध्यम वा आधिकारिक रुपमा सूचना आदान प्रदान गर्न प्रयोग गरिएको विद्युतिय माध्यम (मेसेन्जर समूह)मार्फत जानकारी गराउनुहुन निर्देशानुसार अनुरोध गरिन्छ।

२०८१।०५।१६

.............................
विक्रम श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

विक्रम श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत


Website: www.purbichaukimun.gov.np , E-mail Address :ito.purbichaukimun@gmail.com

Phone No. :९८५१३३८१११,९८५८४८३३४४